बैठक नं. २०
(विशेष)

आज मिति २०७४/११/२७ गते आइतवारका दिन कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूट बहादुर रावत ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपशिलको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिती:-

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूट बहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | रामसोहन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | कृष्ण बहादुर खड्का | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | प्रेम प्रसाद देवकोटा | सचिव | |
| २७. | अग्नी प्रसाद आचार्य | ना.सु. | |
| २८. | | | |
| २९. | | | |

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**प्रस्तावहरु :**

१. नगर कार्यपालिका सदस्यहरु र वडा सदस्यहरुको सेवा सुविधा सम्बन्धमा ।

२.कार्यालयमा टोल फ्री नम्बर जडान गर्ने सम्बन्धमा ।

निर्णय नं. १ :

प्रस्ताव नं. १ मा छलफल गर्दा स्थानीय तह २०७४ को निर्वाचनबाट निर्वाचित भई जनप्रतिनिधिहरुले कार्य सम्पादनन गरिरहेको वर्तमान अवस्थामा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पदाधिकारी भन्नाले नगर प्रमुख, नगर-उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा अन्य कार्यपालिकाका सदस्यहरुलाई परिभाषित गरिएको हुँदा पदाधिकारी को सेवा सुविधा तोक्ने अधिकार प्रदेश सरकारलाई रहेको हुँदा पदाधिकारीको सेवा सुविधा सम्बन्धमा प्रदेश नं. ५ को प्रदेश सरकारलाई सोहि ऐन बमोजिम सेवा सुविधा तथा कामको जिम्मेवारी समेत स्पष्ट गरी दिनका लागि सिफारिस गर्ने निर्णय गरियो । वडा सदस्यहरुलाई समेत नियमानुसार सेवा सुविधा तोक्नका लागि सिफारिस साथ अनुरोध गर्ने निर्णय समेत गरिएको छ ।

निर्णय नं. : २,

प्रस्ताव नं. २मा छलफल गर्दा नगरपालिकाको कार्यालयमा सूचना र प्रविधिलाई महत्वपूर्ण स्थानमा राखेर सेवाग्राहीहरुले नगरपालिकाको कार्यालयमा निशुल्क तथा सहज रुपमा सूचनामा आदान-प्रदान गर्नका लागि पहुँच पुऱ्याउँने उद्देश्यले कार्यालयमा टोल फ्री टेलिफोन नम्बर जडान गर्ने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)